# खानीखोला गाउँपालिका

पशु/कृषि सेवा फार्म तथा समूह दर्ता कार्यविधि २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८० पुष १०

खानीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको कार्यालय

ताल्ढुंगा, काभ्रे

# खानीखोला गाउँपालिका

## पशु/कृषि सेवा फार्म तथा समूह दर्ता कार्यविधि २०८०

प्रमाणीकरण मिति २०८० /०९/१०

पृष्ठभुमि :-

पशु/कृषि उत्पादन क्षेत्रलाई निर्वाहमुखीबाट व्यवासादिकरणमा परिणत गर्न र तिव्रतर गतिमा लगानी विस्तार गरि समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन अत्यावश्यक भएको छ । यसका लागि पशुपक्षी/कृषिको उत्पादन प्रशोधन तथा बजारीकरण गरि कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुर्याउन र पशु कृषि व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रवर्द्धन एवं गरिबी नयुनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउनुका साथै युवाहरुको बढ्दो वैदेशिक पलायनलाई निरुत्साहित गरि यस गाउँपालिकामा पशु तथा कृषि व्यवसायको माध्यमबाट हाम्रो नारा " खानीखोलाको शान पशु तथा कृषि विकास समृद्द पालिका हाम्रो अभियान" लाइ सफल पार्न साथै यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न खानीखोला गाउँपालिकाले मो कार्यविधि जारी गरेको छ ।

परिच्छेद १

१. प्रारम्भ

जिम नाम र प्रारम्भ

१. यो कार्यनीतिको नाम 'शुषि सेवा फार्म तथा समूह दर्ता कार्यविधि २०७७ रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुने ।

२ परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) गाउँपालिका भन्नाले फाफोकथुम गाउँपालिका सम्झनु पर्दछ ।

ख) खानीखोला गाउँपालिका पशु/कृषि शाखानु पर्दछ ।

ग) कार्यालय भने खानीखोला गाउँकार्यपालिकाको कार्यालय सानु पर्दछ।

घ) समूह भन्नाले १५ देखि २५ जना कृषक संगठित भई यस कार्यविधि बमोजिम गठन भएको समुहलाई पर्दछ ।

ङ) निजि फार्म भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस शाखामा दर्ता भएको फार्म सम्झनु पर्दछ ।

च) कार्यविधि भन्नाले पशु/कृषि सेवा फार्म तथा समूह दर्ता कार्यविधि २०७७ लाई सम्झनु पर्दछ ।

३. उद्देश्यहरुः

१. पशु/कृषि सेवा शाखाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने ।

२. नियोजित रकमलाई पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने ।

३. सम्भाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुगे ।

४. गाउँपालिकालाई दूध, तरकारी र फलफूलमा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने ।

५. पशु/कृषि व्यवसायको उद्यमशिलता प्रवर्द्धन एवं व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सीपलाई वर्गसम्म पुर्याउन सहयोग स्वरूप अनुदान प्रदान गर्ने ।

६. पशु/कृषि व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार कर उत्पादन लागत न्यूनीकरण गर्ने।
७. पशु/कृषि व्यवसायलाई प्रभावकारी तरिकाले संचलान गर्नको लागि विभिन्न प्रकारका बीउ, रासायनिक मल, कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय-समयमा संचालन गर्ने।

## परिच्छेद २

## पशुपन्छी फार्म/दाना पसल/डेरी/मासु पसल/समूह पशु/कृषि सेवा शाखामा दर्ता प्रक्रिया

उद्देश्य:

- पशुपन्छी  फार्म/दाना पसल/डेरी/मासु मसल/समूह पशु/कृषि सेवा शाखामा अभिलेख राखी तिनीहरुको नियमन प्रबर्द्धन र अनुगमन गर्न।
- एग्रोभेट/प.स्वा.का./जेटी/जेटिए हरुलाई पशु/कृषि सेवा शाखामा सुचिकृत गरि तिनीहरुको नियमन प्रवर्द्धन परिचालन र अनुगमन गर्न।
- गाउँ सभाबाट स्वीकृत पशुपन्छी फार्म प्रवर्द्धन र पशुपन्छी बजार प्रबर्द्धन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न।

**फार्म दर्ताको मापदण्ड:**

व्यवसायिक गाईभैंसी फार्मलाई ३ वर्गमा विभाजन गरिने छ। वार्षिक २० लाखसम्म कारोबार हुने सम्मका फार्मलाई पालिकामा दर्ता गरिनेछ भने वार्षिक २० लाख भन्दा माथि कारोबार गर्ने फार्मलाई गाउँपालिकामा सुचिकृत मात्र गरिने।

**१. व्यवसायिक गाई भैंसी फार्मको वर्गिकरण:**

**क) साना व्यवसायीक गाईभैंसी फार्म:**

- ५-१० वटा उत्पादक र स्वस्थ्य गाईभैंसी पालन गरि दूध उत्पादन सुरु गरेका।

**ख) मझौला व्यवसायीक गाईभैंसी फार्म:**

- ११-२० वटा उत्पादक र स्वस्थ्य गाईभैसी पालन गरि दूध उत्पादन सुरु गरेका।

**ग) ठुला व्यवसायीक गाई भैंसी फार्म:**

- २१ भन्दा माथि उत्पादक र स्वस्थ्य गाईभैंसी पालन गरी दूध उत्पादन सुरु गरेका।

२. व्यवसायिक बाख्रा फार्मको वर्गिकरण:

**(क) साना व्यवसायीक बाखा फार्म:**

- १५ वटा स्थानीय वा उन्नत उत्पादक स्वस्थ्य बाख्रा पालन गरी उत्पादक सुरु गरेका।

**(ख) मझौला व्यवसायिक बाख्रा फार्म:**

- १६-३० वटा स्थानीय वा उन्नत उत्पादक र स्वस्थ्य बाख्रा पालन गरी उत्पादन सुरु गरेका।

**(ग) ठूला व्यवसायिक फार्म:**

- ३० वटा भन्दा माथि स्थानीय वा उन्नत उत्पादक र स्वस्थ्य बाख्रा पालन गरी उत्पादन सुरु गरेका।

३. व्यवसायिक बंगुर फार्मको वर्दिकरण:

**क) साना व्यवसायिक बंगुर फार्मः**

- पाठापाठी उत्पादनको लागि ५-१० माउ उत्पादक स्वस्थ्य माउ र मासु उत्पादनको लागि भए १० वटा स्वस्थ्य बंगुर पालन गरि २ वर्ष अघिदेखि सुरु गरेको

**ख) मझौला व्यवसायिक बंगुर फार्म:**

- पाठापाठी उत्पादनको लागि ११-१५ माउ उत्पादक र स्वस्थ्य माउ र मासु उत्पादनको लागि भए २५ वटा स्वस्थ्य पालन गरि २ वर्ष अघिदेखि शुरु गरेको।

**ग) ठुला व्यवसायिक बंगुर फार्म**

- पाठा पाठी उत्पादनको लागि १६ माउ माथी उत्पादक र स्वस्थ्य माउ र मासु उत्पादनको लागि भए ४५ वटा स्वस्थ्य पालन गरि २ वर्ष अधिदेखि शुरु गरेको।

**४. व्यवसायिक कुखुरा फार्मको वर्गिकरणः**

**(क) साना व्यवसायिक कुखुरा फार्मः**

- ५००-१००० ब्रोइलर वा लेयर्स कुखुरा पालन गरि व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ स्थानीय कुखुरा भए १००-५०० वटा हुनु पर्नेछ।

**ख) मझौला व्यवसायिक कुखुरा फार्मः**

- १००-३००० ब्रोइलर वा लेयर्स कुखुरा पालन गरि व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ स्थानीय कुखुरा भए ५००-१००० वटा हुनु पर्नेछ।

**ग) ठुला व्यवसायिक कुखुरा फार्मः**

- ३१०० भन्दा माथि ब्रोइलर वा लेयर्स कुखुरा पालन गरि व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ स्थानीय कुखुरा भए १००० वटा भन्दा माथि हुनु पर्नेछ।

५. हाँस पालन गर्न चाहेमा ५० वटालाई साना फार्म १०० वटा माथि लाइ मझौला २०० भन्दा माथि लाई ठुला फार्म मानिनेछ।

६. खरायो पालन गर्न ३० माउ माथि साना १०० माउ माथि मझौला र ३०० माउ माथि पालन ठुला फार्म मानिनेछ।

७. मत्स्य पालन मत्स्य पालन गरेमा गर्न चाहेमा २ रोपनी क्षेत्रफल बराबरको जग्गामा पोखरी खनी मत्स्य पालन गरिरहेको भए साना ५ रोपनी भन्दा माथि भए मझौला र १० रोपनी भए ठुला फार्म मानिनेछ।

८. मासु पसल: दैनिक २० किलो भन्दा बढी मासु विक्रि गर्ने मासु पसललाई दर्ता प्रक्रियामा लगिने छ।

९. दुग्ध डेरी दैनिक १०० लिटर भन्दा बढी दुध खरिद बिक्रि तथा प्रशोधन गर्ने गरि व्यवसाय संचालित व्यवसायलाई दर्ता प्रक्रियामा लगिने छ।

१०. फलफूल तथा तरकारी पसलः दैनिक ५० किलो सम्म फलफूल तथा तरकारीको कारोबार गर्ने पसललाई दर्ता प्रक्रियामा लगिनेछ।

११. एग्रोभेटः सम्बन्धित निकायमा दर्ता भइ आन्तरिक राजस्व कार्यालयबाट पान नं लिएर संचालन भैरहेको व्यवसायलाई शाखामा सुचिकृत गरिनेछ।

१२. जेटी/जेटिएः विभिन्न नेपाल सरकारबाट मान्यता प्राप्त आधिकारिक शैक्षिक संस्थाबाट योग्यता पुरा गरेका प्राविधिकहरुलाई पशु/कृषि शाखामा सुचिकृत गरिने छ।

१३. समूहः १५-२५ कृषकहरु संगठित भई कुनै पशु/कृषि विशेष काम जस्तै बाख्रापालन, गाईभैंसी पालन, कुखुरापालन, फलफूल, दलहन, तेलहन, खाद्यान्न, मसला, तरकारी बालि आदि खेति गरिरहेको समुहलाई दर्ता प्रक्रियामा लगिनेछ।

१४. व्यवसायी संघ परिच्छेद २ मा उल्लेख भएका पशुपन्छी तथा कृषि फार्म/दाना पसल/डेरी/मासु पसल/समूह/कृषि तथा भेटेरिनरी प्राविधिक आदिको उल्लेख्य संख्या पुगेमा पालिका स्तरीय संघ बनाउने अनुमति दिनेछ।

**पशुतर्फ समूह तथा फार्म दर्ता प्रक्रिया**

**पशुपालन समूहको लागिः**

- समूह गठन गर्ने आम भेलाको निर्णय
- कार्यसमितिको समूह दर्ता गरिपाउँ भन्ने निवेदन
- समुहका सम्पूर्ण सदस्यहरूले पारित गरेको विधान १ प्रति
- अध्यक्षले सिफारिस गरेको समूह सदस्यहरुको आधारभूत सर्वेक्षण अनुसारको विवरण
- समूह सदस्यहरुको नागरिकताको प्रतिलिपि
- वडा कार्यालयको सिफारिस
- राजश्व शाखामा राजश्व बुझाएको रसिद
- • नवीकरण गर्न हिताकोष रकमको विवरण वार्षिक प्रगति प्रतिवेदन समुहले पारित गरेको वार्षिक कार्यतालिका समुहको निर्णयको प्रतिलिपि कर चुक्ता प्रमाण पत्र र वडा कार्यालयको सिफारिस आवश्यक पर्नेछ।
- पशुपालन फार्मको लागि:
- यस गाउँपालिका भित्रका पशुपालन पेशा गर्दै आएका अगुवा कृषकले आफ्नो फार्म गाउँपालिकामा दर्ता गर्न चाहेमा पशु सेवा शाखाबाट फिल्म अवलोकन गरि फार्म दर्ता गर्न उपयुक्त देखिएमा पशु सेवा शाखामा फार्म दर्ता गरिनेछ।
- फार्म दर्ता गरिपाउँ भन्ने निवेदन।
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति
- नागरिकताको प्रतिलिपि
- चारकिल्ला को मंजुरिनामा पत्र

- जग्गा भाडामा भए १० वर्षे सम्झौता पत्र
- व्यक्तिगत वा परिवारको नाममा जग्गा भए १० वर्षे मंजुरिनामा पत्र
- आधारभूत सर्वेक्षण फारम
- ५ वर्षको लागि व्यवशायिक योजना
- सम्बन्धित वडाको सिफारिस
- फार्मको छाप
- नवीकरण गर्न वार्षिक प्रगति प्रतिवेदन वार्षिक कार्ययोजना तालिका, कर चुक्ता प्रमाण पत्र र वडा कार्यालयको सिफारिस आवश्यक पर्नेछ।
- राजश्व शाखामा राजश्व बुझाएको रसिद

नोट:

० दर्ता भएका पशुपन्छी तथा कृषि फार्म/दाना पसल/डेरी/मासु पसल/समूह/कृषि तथा भेटेरिनरी प्राविधिक/संघ आदि लाइ दर्ता तथा सुचिकृत गरि प्रमाण पत्र प्रदान गरिने छ।

० दर्ता भएका पशुपन्छी तथा कृषि फार्म/दाना पसल/डेरी/मासु पसल/समूह/कृषि तथा भेटेरिनरी प्राविधिक/संघ आदिले प्रत्येक वर्ष राजस्व परामर्स समितिले निर्धारण गरेको शुल्क तिरी नवीकरण गर्नुपर्नेछ।

० दर्ता भएका पशुपन्छी तथा कृषि फार्म/दाना पसल/डेरी/मासु पसल/समूह/कृषि तथा भेटेरिनरी प्राविधिक/संघ आदिको समय-समयमा अनुगमन गरिनेछ र कानुन विपरीत कामकाज गरेको पाइएमा तुरुन्त कारबाही गरी दर्ता खारेजीसम्म गर्न सकिनेछ।

कृषि समूह तथा तर्फ फार्म दर्ता प्रक्रिया

कृषि समुहको लागि

- समूह गठन गर्ने आम भेलाको निर्णय
- कार्यसमितिको समूह दर्ता गरिपाउँ भन्ने निवेदन
- समुहका सम्पूर्ण सदस्यहरुले पारित गरेको विधान १ प्रति
- अध्यक्षले सिफारिस गरेको समूह सदस्यहरूको आधारभूत सर्वेक्षण अनुसारको विवरण
- समूह सदस्यहरुको नागरिकताको प्रतिलिपि
- वडा कार्यालयको सिफारिस
- राजश्व शाखामा राजश्व बुझाएको रसिद
- नवीकरण गर्न हिताकोष रकमको विवरण, वार्षिक प्रगति प्रतिवेदन समुहले पारित गरेको वार्षिक कार्यतालिका समुहको निर्णयको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र र वडा कार्यालयको सिफारिस आवश्यक पर्नेछ।

**कृषि फार्मको लागि**

यस गाउँपालिका भित्रका कृषि पेशा गर्दै आएका अगुवा कृषकले आफ्नो फार्म गाउँपालिकामा दर्ता गर्न चाहेमा कृषि बिकास शाखाबाट फिल्ड अवलोकन गरि फार्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि विकास शाखामा फार्म दर्ता गरिनेछ।

न्युनतम मापदण्ड :

- तरकारीको लागि न्युनतम ५ रोपनी जग्गामा खेति भएको हुनुपर्ने।
- मौरीको लागि न्युनतम २५ वटा घारमा मौरी पालन भएको हुनुपर्ने।
- च्याउको लागि ५ वटा च्याउ घर भएको हुनुपर्ने।
- फलफूलको लागि १०० वटा बिरुवा रोपेको हुनुपर्ने।
- खाद्यान्न बालि भए २० रोपनी माथि खेति भएको हुनुपर्ने।
- मसला बालिमा अलैँची भए न्युनतम २० रोपनी जग्गामा खेति भएको हुनुपर्ने।
- अन्य मसला बालि भए न्युनतम ५ रोपनी जग्गामा खेति भएको हुनुपर्ने।
- नगदे बालि भए न्युनतम १० रोपनी जग्गामा खेति भएको हुनुपर्ने।
- कृषि फार्म दर्ता प्रक्रिया :
- फार्म दर्ता गरिपाउँ भन्ने निवेदन।
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति।
- नागरिकताको प्रतिलिपि।
- चारकिल्ला को मंजुरिनामा पत्र।
- जग्गा भाडामा भए १० वर्षे सम्झौता पत्र।
- व्यक्तिगत वा परिवारको नाममा जग्गा भए १० बर्षे मंजुरिनामा पत्र।
- आधारभूत सर्भेक्षण फारम।
- ५ बर्षको लागि व्यवशायिक योजना।
- सम्बन्धित वडाको सिफारिस।
- फार्मको छाप।
- नवीकरण गर्न वार्षिक प्रगति प्रतिवेदन वार्षिक कार्ययोजना तालिका, कर चुक्ता प्रमाण पत्र र वडा कार्यालयको सिफारिस आवश्यक पर्नेछ।
- राजश्व शाखामा राजश्व बुझाएको रसिद।

# अनुसूची-१

## पशु/कृषि फार्म दर्ताको लागि व्यवसायिक योजनाको नमुना

१. व्यवसायको परिचय

२. स्थानः

३. लक्षित बजार क्षेत्रः

४. लक्षित ग्राहकः

५. उत्पादन तथा विक्रि लक्ष्यः

| क्र.सं. | वस्तुको परिचय | अनुमानित उत्पादन विवरण | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

६. आवश्यक स्थिर सम्पत्तिः

| क्र.सं. | विवरण | आवश्यक परिमाण | दर | जम्मा मूल्य | अनुमानित आय | ह्रास रकम प्रतिवर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| | जम्मा लागत | | | | | | |

७. आवश्यक कच्चा पदार्थः

| क्र.सं. | विवरण | आवश्यकता | | | दर | जम्मा लागत बार्षिक |
|---|---|---|---|---|---|---|
| १. | | दैनिक | मासिक | बार्षिक | | |
| २. | | | | | | |
| | जम्मा लागत | | | | | |

८. आवश्यक जनशक्तिः

| क्र.सं. | आवश्यक संख्या | मासिक दर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| | जम्मा | | | |

९. अन्य शिर्षभार खर्चः

| क्र.सं. | विवरण | एकाई | दर | वार्षिक | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| | जम्मा | | | | |

१०. कुल उत्पादन लागतः

| क्र.सं. | विवरण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| | जम्मा | | | |

११. प्रति एकाई उत्पादन लागतः

१२. आवश्यक कुल पुँजीः

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | स्थितर सम्पत्ति | | |
| २. | संचालन अघिको खर्च | | |
| ३. | चालु पुँजी कच्चा पदार्थको मौज्दात तयारी मालको मौज्दात उधारो विक्रि | | |
| ४. | जनशक्ति खर्च | | |
| ५. | शिर्षभार खर्च | | |

१३. कुल पुँजीः

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | स्वलगानी | |
| २. | सापटी | |
| ३. | कर्जा | |
| ४. | अनुदान | |
| | जम्मा | |

१४. प्रति एकाई विक्रि मूल्यः

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | प्रति एकाई उत्पादन लागत (नं ११ बाट) | |
| २. | प्रति एकाई लागत (ह्रास तथा ब्याजबाट) | |
| ३. | अन्तिम खर्च | |
| ४. | अनुमानित नाफा | |
| ५. | विक्रि मूल्य | |
| | जम्मा | |

१५. प्रथम चरणको नाफा नोक्सानः

| क्र.सं. | विवरण | खर्च | आम्दानी |
|---|---|---|---|
| १. | विक्रिबाट आम्दानी | | |
| २. | खर्च<br>चालु खर्च<br>कच्चा पदार्थ<br>जनशक्ति<br>स्थिर खर्च<br>अप्रत्यक्ष खर्च | | |
| ३. | शिर्ष भार<br>ह्रास<br>ब्याज<br>कर तिर्नु अघिको खुद नाफा (१-२) | | |

१६. लगानीमा प्रतिफलः

१७.पारविन्दुः

१८. निष्कर्षः

अनुसूची -२

# कृषक समूहको विधानको नमुना

प्रस्तावना

परिच्छेद १

१ संक्षिप्त नाम र प्रारम्भ

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

परिच्छेद २

चिन्ह र छाप

परिच्छेद ३

कार्यालय र कार्य क्षेत्र

परिच्छेद ४

समुहको उद्देश्य

परिच्छेद ५

५ सदस्यता

परिच्छेद ६

सदस्यताको योग्यता

परिच्छेद ७

साधारण सभाको काम कर्तव्य र अधिकार

परिच्छेद ८

साधारण सभा

परिच्छेद ९

कार्यकारी समिति गठन

कार्यहरु/जिम्मेवारी

अध्यक्षः उपाध्यक्षः सचिवः कोषाध्यक्षः

परिच्छेद १०

कार्यकारी समितिको काम कर्तव्य र अधिकार

परिच्छेद ११

समूहको काम कर्तव्य र अधिकार

परिच्छेद १२

आर्थिक स्रोत

परिच्छेद १३

बचत सम्बन्धि

परिच्छेद १४

लगानी सम्बन्धि

१५ लेखा समिति

१६ विधान संशोधन र नियम

१७ मतदान

परिच्छेद १८

विवाद समाधान गर्ने

वर बुजारत

अन्य थप कुराहरु

परीच्छेद १९

पद रिक्त हुने

परीच्छेद २०

समुहको विगठन

समाप्त

अनुसूचि १

श्री

मिति २०....../.../.......

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,

खानीखोला गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, ताल्ढुंगा, काभ्रे ।

विषय : समुह दर्ता गरी पाँउ भन्ने बारे ।

महोदय,

प्रस्तुत विषयमा खानीखोला गाँउपालिका………नम्बर वडामा मितिः ............... साल........... .......... गतेका दिन गठीत श्री ..............................................................कृषक समुह लाई विधिवत रुपमा दर्ता गरी संचालन गर्नु पर्ने भएकोले समुह मार्फत पास भएको विधान, घरधुरी सर्भेक्षण फारम, समुहको माईनेट, वडा कार्यालयको सिफारीस यसै साथ संलग्न राखी समुह दर्ता गरी पाँउ भनी सविनय यो निवेदन पेश गरेको छु ।

अध्यक्ष

........................................

...................................

समुह

खानीखोला वडा नं.......

फोटो

अनुसुचि २

समुह/समिति दर्ता प्रयोजनका लागी मात्र

आधारभुत सर्भेक्षण फारम

समुह/समितिमा रहने कृषकको नामः................................................ ठेगाना :.....................................

परिवार सदस्य संख्या: .........................

पालिएका पशु/बालिको किसिम :...................................... जम्मा संख्या / क्षेत्रफलः..............................

घाँस/बालि खेती भएको रोपनीः ....................................................................................................

समुह/समितिको सदस्य बन्नुको उदेश्य :..........................................................................................

अन्य संचालनमा रहेका पशुपालन/कृषि समुहमा सदस्य हुनु भएको छ ? ………………………………….....

घाँस/बालि कुन-कुन लगाउनु भएको छ ? .........................................................................................

पशुपंक्षी/बाली लाई कुन-कुन दाना/मल प्रयोग गर्नु हुन्छ ? ...............................................................

पशु/बाली उपचार सेवा उपलब्ध छ/छैन ? ........................................................................................

पशु/बालीहरुमा कुन रोग बढी देखीन्छ ?

कृत्रिम गर्भाधान सेवा छ/छैनः ..........................................................................................................

पशुपंक्षी पालन सामूहिक रुपमा गर्नु भएको छ ? ..........................................................................

उत्पादित वस्तु/बालि बिक्री गर्न बजारको समस्या छ/छैन ..............................................................

पशुपंक्षी पालन/खेतीमा गर्नमा समस्याहरु के के छन ?..................................................................

कृषि/पशु पालनले रोजगारी दिएको छ/छैन.......................................................................................

कृषि/पशुपालन सम्बन्धि तालिम लिनु भएको छ ? ..............कहाँ...........कति दिनको ..............................

खानीखोला गाँउपालिका साथै अन्य सरकारी निकायबाट प्राप्त गर्नु भएको छ/छैन .....................................

**विवरण पेश गर्नको**

नाम:

ठेगानाः

दस्तखतः

मिति:

फोन नम्बरः

अनुसूचि ३

समूह/समितिका सदस्यहरुको विवरणः

| क्र. सं. | नाम, थर | ठेगाना | पद | उमेर | घाँस/बालि लगाएको क्षेत्रफल | पशुपंक्षी संख्या/खेति गरेको जमिनको क्षेत्रफल | गोठ/खेतीको प्रकार परम्परागत/ आधुनिक | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

विवरण पेश गर्नेको विवरण

नामः

पदः

हस्ताक्षरः

छापः

मितिः

सिफारिस गर्नेको विवरण

नामः

पदः

हस्ताक्षरः

छापः

मितिः

धनेन्द्र भुजेल

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि- ४
## चिन्ह र छाप

अनुसूचि-५

मितिः २०...../......./........

श्रीमान अध्यक्ष्य ज्यू,
..........................पशुपालन/कृषि समुह
खानीखोला ..................

**विषय:- समूह सदस्यता पाँउ भन्ने बारे।**

*महोदय,*

प्रस्तुत विषयमा खानीखोला गाँउपालिका ......नम्बर वडामा रहेको ............................................... पशुपालन/कृषि समुहमा म खानीखोला वडा नं. .....बस्ने ......................................................................... लाई समुहको विधान भित्र रही सदस्यता लिन इच्छा भएकोले सदस्यता पाँउ भनी नेपाली नागरीकताको प्रतिलिपि सहित सविनय यो निवेदन पेश गरेको छु।

**निवेदक**

.....................................
खानीखोला .....................

अनुसूचि-६

मितिः २०...../......./........

श्रीमान अध्यक्ष्य ज्यू,

..........................पशुपालन/कृषि समुह

खानीखोला ..................

**विषयः- ऋण उपलब्ध गराई पाँउ भन्ने बारे ।**

*महोदय,*

प्रस्तुत विषयमा खानीखोला गाँउपालिका ......नम्बर वडामा रहेको ................................................ पशुपालन/कृषि समुहको सदस्य म खानीखोला वडा नं. .....बस्ने ................................................................ लाई समुहको विधान भित्र रही ............................................................ कार्यको लागि रु. .................... अक्षेरुपी रु. ................................................. मात्र ऋण पाउँ भनी सविनय यो निवेदन पेश गरेको छु ।

**निवेदक**

.....................................

खानीखोला .....................

अनुसुचि ७

तमसुकको नमुना

लिखितम काभ्रे जिल्ला खानीखोला गाउँपालिका ......... वडा बस्ने .......................................... को नाति छोरा, छोरी, पत्नी,बुहारी वर्ष ........ को श्री ....................................................ले.................................. .................................... समुह, समितिले निर्धारण गरिएको ब्याज दर, भाका कृषक समुह, समितिले समुह, समितिको..........................................सर्तका, अधिनमा रही.................................................... प्रयोजनका लागी ऋण,.....................................बैक खाता नम्बर........................... बैक शाखा कार्यायल,.........................बाट समुह, समितिबाट साँवा ......................................ब्याज दर........ का दरले बुझाउने, सर्तमा, बुझिलिई, २०.......साल .......महिना...................................को रोहावरमा................ मसान्त भित्र बुझाउने भाका राखी तपशिल खण्डमा लेखिएका व्यक्ति, कार्यलयबाट बुझिलिएको ठिक साँचो हो। माथि कवुलियत गरीएको भाका भित्र तिर्ने गरी सावा ब्याज बुझाउने छु तिर्न बुझाउन सकिन भने मेरो चल अचल श्री सम्पति बाट नेपालको प्रचलित कानुन बमोजिम असुल उपर गरी लिएमा मेरो मञ्जुरी छ।

**तपशिल खण्डमा साक्षि किनारा सदर :**

**तपशिल**

जिल्ला काभ्रे खानीखोला गाँउपालिका ........ वडा नं. ..... टोल बस्ने...............................................बर्षको, श्री .......................................... ईति, संवत, २०........... साल............महिना ................. गते .......... रोज शुभम।

अनुसुची-८

बार्षिक कार्ययोजना तालिका

समुहको नामः ठेगानाः आ.व.

| क्र. सं. | कार्यक्रमको नाम | इकाई | बजेट | विभिन्न लगानीको क्षेत्र | | | समय अवधि | जिम्मेवार व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समुह | पशु/कृषि विकास कार्य | बाह्य | | | |
| | | | | | | | | | |

अनुसूची-९

संरक्षकहरुको विवरण

| सि.नं. | नाम, थर | ठेगाना | पद |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

सल्लाहकारहरको विवरण

| सि.नं. | नाम, थर | ठेगाना | पद |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

अनुगमन समिति

| सि.नं. | नाम, थर | ठेगाना | पद |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

अनुसूची-१०

# पशु/कृषि फार्म दर्ता प्रमाण पत्रको नमुना

खानीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

ताल्ढुंगा, काभ्रे

दर्ता नः                                                                                                    बागमती प्रदेश

आ.वः

फार्म दर्ता प्रमाण पत्र

कृषि/पशुपालन व्यवसायलाई व्यवसायिक बनाई रोजगारीका अवसरहरु सिर्जना गर्ने उद्देश्यले यस काभ्रे जिल्ला खानीखोला गाउँपालिका वडा नं. ............ मा मितः ......................... मा स्थापित श्री ..................................................................... फार्मलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

शाखा प्रमुख                                        मितिः .....................                                        प्रमुख प्रशासकीय अधिकृत